# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

---

खण्ड : ७ संख्या : ४ पुष ०९, २०८१

---


## भाग-२

## नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/०९**

**प्रमाणीकरण मितिः २०८१/०९/०९**

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) ले दिएको अधिकार प्रयोग गरी गुल्मीदरबार गाउँपालिकाले यो "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८१" बनाई लागु गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधि नाम "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८१" रहेको छ।

२. यो कार्यविधि गुल्मीदरबार गाउँपालिकाले स्वीकृत गरेपछि तुरुन्तै लागु हुनेछ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाइ सम्झनु पर्दछ।

२. "गाउँपालिका" भन्नाले गुल्मीदरबार गाउँपालिकालाई सम्झनु पर्दछ ।

३. "कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

४. "समिति" भन्नाले गुल्मीदरबार गाउँपालिकाको यस कार्यविधि वमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ।

५. "नगर प्रहरी" भन्नाले गुल्मीदरबार गाउँ पालिकावाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

६. "भत्ता" भन्नाले गुल्मीदरबार गाउँपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ।

७. "आर्थिक वर्ष" भन्नाले श्रावण १ गतेदेखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

८. "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम गठन हुने गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

९. "गाउँ सभा" भन्नाले गाउँपालिकाको सभा सम्झनु पर्दछ।

१०. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारवाट खटाइएको अधिकृतलाई सम्झनु पर्दछ ।

११. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

१२. "जवान" भन्नाले नगर प्रहरी जवानलाई सम्झनु पर्दछ ।

१३. "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी सहायक निरीक्षक, नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानलाई सम्झनु पर्दछ ।

**३. कार्यविधिको व्याख्या गाउँ कार्यपालिकाले गर्ने :**

१. कुनै अधिकारीले यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँ कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

२. कार्यविधिको दफा ३ (१) को सम्बन्धमा गाउँ कार्यपालिकाले निवेदन परेको मितिले ३० दिनभित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

## परिच्छेद-२

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४. नगर प्रहरी सेवाको गठन :**

गाउँपालिकामा एक नगर प्रहरी सेवा समुह रहनेछ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ ।

**५. गाउँपालिकामा रहने नगर प्रहरीको पद र तहः**

१. गाउँपालिकामा गाउँसभाले स्वीकृत गरे बमोजिम एकजना नगर प्रहरी सहायक निरीक्षक, एक जना नगर प्रहरी हवल्दार र कम्तीमा दुईजना महिला सहित बढिमा पाँच जना नगर प्रहरी जवान रहनेछन। गाउँसभाले नगर प्रहरी कर्मचारीको दरवन्दी र संख्या थपघट गर्न सक्नेछ ।

२. गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण वनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३. नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**६. नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

१. गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

२. गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

३. स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने,

४. स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

५. गाउँपालिका सरसफाई सम्वन्धी मापदण्ड कार्यान्वयन गर्ने,

६. न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने,

७. सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा गर्ने,

८. विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापनामा सहजिकरण गर्ने,

९. अनाधिकृत विज्ञापन तथा होडिङ्ग वोर्ड नियन्त्रण गर्ने,

१०. छाडा चौपायाको नियन्त्रण गर्ने,

११. अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

१२. सार्वजनिक आवागमनमा बाधा पुर्याइ राखेका निर्माण सामाग्री, पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाइ र हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट ससुल उपर गर्न पेश गर्ने।

१३. सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचठी कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरिक्षण गर्ने। निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रशासन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने।

१४. गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाणपत्र सहितको प्रतिवेदन प्रशासन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने। मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

१५. स्वास्थ्यका लागि हानिकारक चिज तथा सडे गलेको खाद्य पदार्थ विक्रि वितरण रोक लगाउने र तोकिएको मापदण्ड विपरित सलेका हानिकारक चिज बस्तु बिक्रि गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने। पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय पेश गर्ने।

१६. रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जिवजन्तुका मासु विक्रि वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जनिवाना समेत गर्न रायसाथ पेश गर्ने ।

१७. छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने तथा मरेका जीवजस्तु समयमै गाड्न लगाउने ।

१८. खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने।

१९. वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसंगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने।

२०. गाउँ कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागु हुने नीति, निर्णय, नियम र कानुन कार्यान्वयन गर्ने।

२१. ईजाजत बिना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने।

२२. गुल्मीदरबार गाउँपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना गर्ने।

२३. गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फवाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

२४. नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख लगाउने तथा चेक गर्ने।

२५. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड विपरित चलेको पाइएमा कारवाहीको लागि पेश गर्ने ।

२६. गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने।

२७. गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राखे।

२८. अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने।

२९. ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने खालका उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

३०. दमकल (Fire Brigade) सेवालाई २४ घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त परिचालित हुने।

३१. विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

३२. गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

३३. गाउँपालिका अन्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समयभित्र उपलब्ध गराउने ।

३४. माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहस गर्ने ।

३५. गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद-४
## तह विभाजन र पदपूर्ति

**७. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः**

नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्वारा करारमा नियुक्ति गरिनेछ ।

१. नगर प्रहरी सहायक निरीक्षक

२. नगर प्रहरी हवल्दार

३. नगर प्रहरी जवान

**८. नियुक्ति गर्ने अधिकारी:** पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी नियूक्ति गर्नेछ।

१. नगर प्रहरी हवल्दारको पद कुनै कारणबाट रिक्त भएमा कार्यरत नगर प्रहरी जवानहरुमध्येबाट पदपूर्ति समितिले कार्यक्षमताको आधारमा बढुवा गर्नेछ।

**९. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः**

नगर प्रहरी कर्मचारीको पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहले भाग लिन सक्नेछन् :

१. दरखास्त आव्हान भएको मितिसम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको। नगर प्रहरी सहायक निरीक्षकको पदमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वा भारतीय सेनामा सेवा गरी अबकास भएको व्यक्तिको हकमा उमेरको हद ४५ वर्ष र अन्य पदको लागि ४० वर्ष ननाघेको।

२. नगर प्रहरी सहायक निरीक्षकको पदमा न्यूनतम् +२ वा सो सरह, हवल्दार र प्रहरी जवान पदको लागि न्यूनतम आठ कक्षा उत्तीर्ण गरेको ।

३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४. कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

५. मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

६. महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको।

७. छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

८. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९. स्वीकृत चिकित्सकवाट निरोगिताको प्रमाणपत्र पाएको ।

१०. नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

११. पहिलो पटकका लागि गुल्मीदरबार गाउँपालिकाभित्र करारमा कार्यरत कर्मचारीको लागि उमेरको हद लाग्ने छैन ।

**१०. पदपूर्ति समिति र छनौटको प्रक्रियाः** (१) गाउँपालिकाको नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ।

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| २. सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| ३. प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(२) नगर प्रहरी कर्मचारीको कुनै पनि पदहरुमा देहायको विधिवाट छनौट गरिनेछ ।

१. विशेष शारीरिक परीक्षण,

२. लिखित परीक्षा,

३. विशेष स्वास्थ्य परीक्षण,

४. अन्तर्वार्ता ।

नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा प्रहरी कार्यालयको प्रतिनिधि तथा अन्यलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**११. नियुक्ति र अवकाश :**

१. नयाँ नियूक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई छ महिनाको करार अवधिको नियूक्ति दिइने छ। काम सन्तोषजनक भएमा ६/६ महिनामा करार थप गरिनेछ।

२. कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियूक्ति/सम्झौता गर्ने अधिकारीले अवकाश दिनेछ ।

## परिच्छेद-५

## गाउँपालिकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध

**१२. गाउँपालिका प्रशासनको नियन्त्रण रहने:** नगर प्रहरी अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

**१३. नगर प्रहरी प्रमुख मार्फत हुने**: गाउँपालिकाले नगर प्रहरी संगठनसँग कामकाज तथा समन्वय गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ ।

## परिच्छेद-६
## विदा

**१४. विदा अधिकारको कुरा होइन :**

१. नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दावी गर्न पाउने छैन ।

२. कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजवीजवाट प्रचलित नियमानुसार बिदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा बिदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

३. नगर प्रहरी कर्मचारीले महिनामा १ दिन बिदा पाउनेछन्। सार्वजनिक बिदाको दिन काम गरेवापत सट्टा बिदा पाउनेछन्। करार अविधभर मात्र उक्त बिदा संचित हुनेछ।

**१५. बिदा स्वीकृत नगराई अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई सेवावाट हटाउने :**

१. यस कार्यविधि वमोजिम बिदा स्वीकृत नगराउने नगर प्रहरी कर्मचारी कार्यालयमा हाजिर हुन पाउने छैन।

२. उपदफा (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई गाउँ कार्यपालिकाको कार्यालयले सेवावाट हटाउन सक्नेछ । तर बिदाको निकास नहुदै बिदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि बिदाको निवेदन गरी सो बिदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मानिने छैन ।

**१६. कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ ।

## परिच्छेद-७
## सजाय र पुनरावेदन

**१७. नसिहत दिने:** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ।

**१८. नोकरीवाट हटाउने वा बर्खास्त गर्ने :** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीवाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

१. अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेमा

२. राजनीतिमा भाग लिएमा

३. बराबर अनुशासन हीनताको काम गरेमा

४. ड्युटी भएको अवस्थामा वा नरहेको अवस्थामा बर्दीको पोशाक लगाई मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा
५. भ्रष्टाचार गरेमा
६. आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा
७. आचरण सम्बन्धी नियमहरु वरावर उल्लंघन गरेमा
८. मनासिव कारण नभई वा बिदा नलिई बिदा बसेमा वा गैरहाजिर भएमा ।

## परिच्छेद-८
## तलव, भत्ता

**१९. तलव भत्ता:** नगर प्रहरी कर्मचारीले करार सम्झौता भएको मितिदेखि तलव भत्ता पाउनेछ। तलब र राशन भत्ता गाउँ कार्यापालिकाले तोके अनुसार हुनेछ ।

## परिच्छेद-९
## तालिम

**२०. तालिमको व्यवस्था :** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन गाउँपालिकाले आवश्यकता अनुसार तालिमहरु दिन सकिनेछ ।

**२१. प्रशिक्षार्थीले पाउने सुविधा:** प्रशिक्षार्थीहरुलाई गाउँपालिका बाहिर तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानुन बमोजिम हुनेछ।

**२२. प्रशिक्षकहरुको पारिश्रमिक :** गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**२३. आन्तरिक तालिमः** एकै पटक नियुक्ति भएमा नगर प्रहरी कर्मचारीलाई आन्तिरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-१०
## पोशाक

**२४. नगर प्रहरी पोशाक :** नगर प्रहरीको पोशाकको किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ। हरेक वर्षको लागि एक सेट पोशाक उपलब्ध गराईने छ ।

**२५. जाडो मौसमका लागि दिइने पोशाक :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ। हरेक तीन वर्षको लागि एक सेट पोशाक उपलब्ध गराईने छ ।

**२६. तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा :** नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट बमोजिम सिलाई ज्याला र कपडा दिइनेछ ।

**२७. नगर प्रहरीको पोशाक सट्टा भर्ना :** नगर प्रहरी कर्मचारीलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे बमोजिम सट्टा गरी नयाँ दिइने छ।

## परिच्छेद-११

## विविध

**२८. पुरस्कार :** प्रमुख प्रशासकीय अधिकृतले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार उपलब्ध गराउन कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

**२९. चाडपर्व खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

**३०. दार्ज्यानी चिन्ह सम्बन्धी व्यवस्था :** नगर प्रहरी अत्यन्तै अनुशासित संगठन पनि हो। यसै संगठनभित्र रहने गरेका ओहोदाका चिन्ह र संकेत देहाय बमोजिम हुनेछन।

१. प्रहरी सहायक निरीक्षकः कुममा एक तारा
२. प्रहरी हवलदारः पाखुरामा तीन धर्के फित्ता
३. प्रहरी जवान : पाखुरामा प्रहरी लेखेको

दर्ज्यानी चिन्ह सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**३१. अन्य सुविधा तथा व्यवस्था :** नगर प्रहरी कर्मचारीहरुलाई दिइने अन्य सेवा सुविधाहरु गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**३२. वाधा अड्काउ फुकाउ:** गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हनेछ। यस कार्यविधमा व्यवस्था नभएका विषयहरुको हकमा गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**३३. कार्यविधि संशोधन:** यस कार्यविधिमा आवश्यक संशोधन गुल्मीदरबार गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

**३४. दरखास्त फारम:** आवेदनका लागि अनुसूची-१ बमोजिम को दरखास्त फारम भरि पेश गर्नुपर्नेछ।

अनुसूची-१

गुल्मीदरबार गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**नगर प्रहरी कर्मचारीको लागि दरखास्त फारम**

नयाँ नियुक्ति हुन चाहेको पद :-

विज्ञापन नम्बर :

आवेदन पेश गरेको कार्यालय :-

**<u>व्यक्तिगत विवरण</u>**

नाम, थर

पासपोर्ट साईजको फोटो

नेपालीमा : ..........................................................................................

अंग्रेजीमा : ..........................................................................................

जन्म मिती : ........................................................................................

जन्म स्थान : ........................................................................................

बाबुको नाम : ........................................................................................

आमाको नामः ........................................................................................

बाजेको नाम : ........................................................................................

पति/पत्नीको नामः ..................................................................................

पेशा :

| |
|---|
| पासपोर्ट साईजको फोटो |

**<u>नागरिकता सम्बन्धि विवरण</u>**

नागरिता नम्बर : .......................................................

नागरिकताको किसिम :..............................

जारी मिति : .........................................

जारी भएको स्थान : .........................

जारी गर्ने कार्यालय : ..

| औंठाको छाप | |
|---|---|
| बाँया | दायाँ |

**<u>वतन</u>**

**<u>स्थायीः</u>**

प्रदेश :.................................. जिल्ला.....................नपा/गा पा.................................... वडा नं. .........

**<u>अस्थायी</u>**

प्रदेश :.................................. जिल्ला.....................नपा/गा पा.................................... वडा नं. .........

सम्पर्क नम्बर.......................................मोबाइल नम्बर .................................................

ईमेल ठेगाना .........................................................................................

## शैक्षिक योग्यता

| शिक्षण संस्था | उपाधि | श्रेणी | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

## दक्षता वा तालिम (भएमा प्रमाण पत्र संलग्न राखे)

| प्रशिक्षण संस्था | उपाधि | अवधि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## अनुभव

| काम गरेको संस्था | काम गरेको पद | काम गरेको अवधि | छोड्नु पर्ने कारण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

माथि उल्लेख भए देखि बाहेक अन्य पेशा भए हालको पेशाः-

वैवाहिक अवस्था- विवाहित/अविवाहित

**शारीरिक अवस्था (स्वघोषणा)**

१. म प्रहरी कर्मचारीमा नियुक्त हुनको लागि मेरो शारीरिक अवस्था पूर्ण रुपमा स्वस्थ छ।

२. मैले कुनै दीर्घकालिन रोग बापत कुनै किसिमको लामो अवधि सम्मको औषधि सेवन गर्ने गरेको छैन।

३. मलाई कुनै किसिमको मुटु, कलेजो र मृगौला सम्बन्धी रोग लागेको अथवा सो सम्बन्धी शल्यक्रिया गरेको छैन।

४. मैले कुनै किसिमको औषधिजन्य (लागु औषध) पदार्थ सेवन गर्ने गरेको छैन।

५. मेरो मानसिक अवस्था ठिक छ। म प्रहरी कर्मचारी हुन योग्य छु। जस्तोसुकै अवस्थामा पनि सन्तुलित रहेर काम गर्न सक्छु ।

**अन्य घोषणा**

१. म कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन तथा सो वापत कुनै पद धारण गरेको छैन।

२. हालसम्म म कुनै पनि राष्ट्रिय अथवा अन्तराष्ट्रिय आतंङ्कारी संगठनको सदस्य रहेको छैन र त्यस बापत कुनै सजायँ पाएको अथवा खोजीको सुचीमा रहेको छैन।

३. मैले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँ पाउने कार्य समेत गरेको छैन।

४. मैले कुनै पनि मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय पाउने कार्य गरेको छैन।

५. मैले देशको कुनै भागमा र विदेशमा समेत कुनै अपराध गरेको छैन र खोजी अथवा फरारको सुचीमा रहेको छैन।

६. मेरो चरित्र राम्रो रहेको छ र मेरो चरित्र निम्न दुई व्यक्तिहरुबाट समेत बुझ्न सकिन्छ। (नाम, ठेगाना, पद, मोबाईल नम्बर)

(क)

(ख)

७. मेरो पछिल्लो समयमा खिचिएको अद्यावधिक पासपोर्ट साइजको दुई प्रति फोटो यसैसाथ समावेश राखिएको छ।

८. मेरो नागरिकता लगायत शैक्षिक योग्यता तथा चारित्रिक र अन्य अनुभवका साथै सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भएका प्राप्त यसैसाथ संलग्न प्रमाण पत्रहरु निम्नानुसार क्रमबद्ध रुपमा राखिएका छन्।

(क) (घ)

(ख) (ङ)

(ग) (च)

माथि लेखिएको विवरण ठिक साँचो छ। झुट्ठा ठहरे नियम वमोजिम सहुँला बुझाउला।
मितिः

..................................
आवेदकको हस्ताक्षर

---

द्रष्टव्यः माथि लेखिएको बाहेक अन्य कुरा खुलाउनु परेमा छुट्टै पानामा लेखी आवेदन साथ राखु होला।

**आज्ञाले**
भेषराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत